सुरक्षा भता लिने गरेका छन् ।पालिकाको समृद्धीको संवाहककहरु भनेकोनै जनशक्ति भएकोले जनशक्तिको उचित व्यवस्थापन गर्ने रणनीति निर्माण गर्नुपर्ने हुन्छ । गस गाउँपालिमका विविधतमयुक्त बिषेशताले सजिएको छ । सुरेल ,जिरेल ,तथा थामी जाति तथा क्षेत्री, बाहुन ,तामाङ ,शेर्पा ,विक, नेपाली ,नेवार गुरुङ,सार्की ,मगर लगाएतको बसोबास यस गाउँपालिकामा रहेको छ ।पर्यटन, जलविद्युत, कृषि ,पशुपालनको लागी यस गाउँपालिका अत्यन्तै संभावना बोकेको गाउँपालिका हो ।रोवालिङ भ्गाली ,त्छोरोल्पा हिमताल ,दुधकुण्ड चेर्दुङ लगाएतका स्थलहरु गाउँपालिका भित्र रहेको मुख्य पर्यटकिय स्थलहरु हुन् ।

## २. अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएकोछ ।जसको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ ।

## २.१. SWOT विश्लेषण

गौरीशंकर गाउँपालिका को लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ ।यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

### क. बलियो पक्ष (Strength)

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समाबेश रुपमा समावेश भएको ।
२. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन भएको
३. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।
४. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता गरिएको ।
५. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
६. कार्यरत कर्मचारी मध्ये ३५% प्रतिशत महिला कर्मचारी भएको ।
७. सामाजिक सुरक्षा भता प्राप्त गर्ने संख्या ४१० जना रहेको,
८. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
९. बेरोजगार तथा गरिबहरुको खण्डिकृत डाटा अद्यावधिक भएको ।
१०.स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको
११.लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।
१२. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।

१३.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

१४.स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह, कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

१५.निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको ।

१६. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्वुलेन्स सेवा संचालन भएको ।

१७.प्रजनन स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको,

१८.लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको,

१९.लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।

२०.लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।

२१.जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा वाँधिएको

२२.बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको

## ख. कमजोर पक्ष

२३.लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ,

२४.स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ,

२५.लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ,

२६.उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको,

२७.योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको ,

२८. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

२९.कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।

३०.स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको,

३१.लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।

३२.गाउँपालिका तथा सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

३३.यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

३४.योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

३५.सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

